बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- १८

आज मिति २०८२ साल चैत्र २५ गते बुधबारका दिन दिउँसो ०१:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहायः

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | [signature] |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | - |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | - |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | - |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | [signature] |

आमन्त्रितः-

१. श्री तिलक ढकुल्ला अधिकृत (प्रशासन)
२. श्री अर्जुन प्रसाद जोशी अधिकृत (लेखा)
३. श्री कैलाश बलायर अधिकृत (कम्प्युटर)

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १८

प्रस्ताव/एजेण्डाहरुः

१. नागरिक आरोग्य केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा।

२. कार्यविधिहरु संशोधन गर्ने सम्बन्धमा।

३. प्रवक्तालाई जिम्मेवारीबाट हटाउने सम्बन्धमा।

४. गाउँपालिका अनुदान शिक्षकको करार सेवा सम्बन्धमा।

५. ४ नं. वडा कार्यालयको भवन निर्माणका लागी जग्गा खरिद गर्ने सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१ : यस बान्नीगढी जयगढ गाउँपालिकामा संघीय सशर्त कार्यक्रम अन्तर्गत आयुर्वेद सेवा सञ्चालनका लागि एक जना चौथो तहको वैद्य पदमा कर्मचारी पदपूर्ति भई कार्यरत रहेको, गाउँपालिकाबाट आयुर्वेद औषधि खरिद प्रक्रियामा रहेको तथा अन्य विभिन्न निकायबाट निःशुल्क आयुर्वेद औषधि समेत प्राप्त हुने सुनिश्चतता भैसकेको सन्दर्भमा, नागरिक आरोग्य केन्द्रको स्थापना गरी आयुर्वेद सेवालाई व्यवस्थित, प्रभावकारी तथा सेवाग्राही मैत्री ढंगले सञ्चालन गर्न आवश्यक देखिएको हुँदा यस गाउँपालिकामा नागरिक आरोग्य केन्द्रको कार्यालय स्थापना गरी नियमित रूपमा आयुर्वेद सेवा सञ्चालन गर्ने निर्णय गरियो।

साथै, नागरिक आरोग्य केन्द्र सञ्चालनका लागि गाउँपालिकाको प्रशासकीय भवनको आसपास उपयुक्त स्थानमा ३ (तीन) कोठा भाडामा लिई कार्यालय सञ्चालन गर्नका लागी मितव्ययी र पारदर्शी ढंगले भवन छनौट, भाडा दर निर्धारण तथा सम्झौता प्रचलित कानुन बमोजिम अगाडी बढाउने निर्णय सर्वसम्मत गरियो।

निर्णय नं.२ : मिति २०८२।१२।२० गते बसेको गाउँ कार्यपालिकाको बैठकमा टेबल भई प्रारम्भिक छलफलमा आएका देहायका कार्यविधि लाई थप व्यवहारिक, स्पष्ट तथा प्रभावकारी बनाउन आवश्यक देखिएकाले सो कार्यविधि हरूमा आवश्यक संशोधन (थपघट) गर्न आवश्यकता महसुस भएकोले उक्त कार्यविधिहरूको संशोधित मस्यौदा १५ (पन्ध्र) दिन भित्र प्रशासन तथा व्यवस्थापन शाखाले तयार गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो;

देहायः

१. अध्यक्ष युवा स्वरोजगार सञ्चालन (पहिलो संशोधन) कार्यविधि,२०७७

२. खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १५

---

<u>निर्णय नं.३</u> : यस बान्नीगढी जयगढ गाउँ कार्यपालिका सदस्य श्री मोहनलाल ताम्राकारलाई गाउँपालिका सरकारको प्रवक्ताको जिम्मेवारी प्रदान भएकोमा विगत केहि समयदेखि गाउँपालिका सरकार प्रति उहाँको भुमिका सकारात्मक नदेखिएको हुँदा गाउँपालिका सरकारको प्रवक्ताको जिम्मेवारी बाट हटाउने निर्णय गरियो।

<u>निर्णय नं.४</u> : यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा नयाँ शैक्षिक सत्र २०८३ मा विद्यार्थी भर्ना कार्य सम्पन्न भएपश्चात प्राप्त हुने वास्तविक तथ्याङ्कका आधारमा विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा विद्यालयको नक्साङ्कन सम्बन्धमा आवश्यक निर्णय लिने भन्ने गाउँ शिक्षा समितिको मिति २०८२।१२।२५ गतेको बैठकको निर्णयलाई मध्यनजर गर्दै हाललाई यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान करार शिक्षकहरूको करार सेवालाई निरन्तरता दिने निर्णय सर्वसम्मत गरियो।

<u>निर्णय नं. ५</u> : यस बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ४, तिमिल्सैनको वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न सबैलाई पायक पर्ने उपयुक्त स्थानमा निर्धारित मापदण्ड बमोजिम गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार दुई पटकसम्म निःशुल्क रुपमा जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कुनै इच्छुक जग्गादाता प्राप्त हुन नसके पश्चात पुनः गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई प्रचलित कानुन बमोजिम न्यूनतम सरकारी दररेट तथा तोकिएको मापदण्ड भित्र रही जग्गा खरिदका लागि सूचना आह्वान गर्दा निर्धारित समयावधि भित्र सोही वडा निवासी श्री टंक प्रसाद उपाध्यायको एक मात्र जग्गा बिक्री सम्बन्धी निवेदन दर्ता भएको,

उक्त सम्बन्धमा वडा नं. ४ वडा कार्यालयको च.नं. २३९, मिति २०८२।१०।२३ को सिफारिस पत्र, सेवा प्रवाहको आवश्यकता, सडक पहुँच सहितको भौगोलिक उपयुक्तता, वैकल्पिक जग्गाको अभाव तथा सार्वजनिक हितको दृष्टिले उक्त जग्गा उपयुक्त देखिएको,

साथै, नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्न लामो समय लाग्ने भएको हुँदा चालु आर्थिक वर्षमा उक्त वडा कार्यालय भवन निर्माणका लागी प्राप्त संघीय समपुरक अनुदान लाई समयमै कार्यान्वयन गर्न, चालु आर्थिक वर्षमा ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गर्न तथा सार्वजनिक सेवा प्रवाहमा

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

बैठक संख्याः १८

सहजताका लागी वडा कार्यालय भवन निर्माण गर्नका लागी उपर्युक्तता, औचित्यता, आवश्यकता तथा समयसीमालाई मध्यनजर गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनको अधीनमा रही देहाय बमोजिमको जग्गा प्रचलित सरकारी दररेटमा खरिद गर्ने निर्णय सर्वसम्मत गरियो।

देहायः

| क्र. स. | जग्गा धनिको नाम थर | ठेगाना | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री टंक प्रसाद उपाध्याय | बान्नीगढी जयगढ गा.पा.-४ तिमिल्सैन | १६० | ३२७५ बर्ग मिटर | जयगढ मंगलसेन सडक खण्ड सँग जोडिएको उत्तर पूर्व पट्टीको तीन रोपनी जग्गा कित्ताकाट गरि नामसारी गर्ने |